चुरे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली

# चुरे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## घरखेडा,कैलाली

विषय :- नदि जन्य पदार्थको विक्री शुल्क संकलनका लागि विधुतीय बोलपत्र आव्हान सम्बन्धी सूचना (ढुंगा, गिट्टी र बालुवा) ।

**दोस्रो पटक प्रकाशित मिती :- २०७९/०६/०९**

स्थानीय सरकार संचालन एन २०७४ को प्रतिच्छेद ९ को दफा ६२ (क) अनुसार यस चुरे गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने IEE गरेको र घाटगद्दी तोकिएको ठूलीगाड खोलाबाट गिट्टी, बालुवा, भरान, ग्राभेल आदिको कुल संकलन घ. मि ३८,४०४.९ मात्र (बिक्रि प्रति घन. मि रु १०५.९६ भ्याट बाहेक) नदि जन्य पदार्थको (स्थानीय निर्माण सामग्री) बिक्रि गर्न सक्ने प्रावधान बमोजिम आ. व ०७९/०८० का लागि गाउँसभाबाट तोकिएको दर रेट बमोजिम रोयल्टी संकलन गर्न चाहने इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुको जानकारीका लागि तपशील बमोजिमको शर्तको अधिनमा रही १५ दिने विधुतीय बोलपत्र आव्हानको सार्वजनिक सूचना पुनः प्रकाशित गरिएको छ।

<u>तपशिलका शर्तहरु :</u>

१। न्युनतम ठेक्का अंक रु ४०,६९,३८३।२ /-(रु चालिस लाख उनन्सतरी हजार तिन सय त्रियासी, बिस पैसा ) (भ्याट बाहेक) कायम गरिएको छ ।

२। ठेक्का अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले ०८० साल जेष्ठ मसान्तसम्म कायम रहने छ ।

३। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाइने छैन, तोकिएको सिमाभन्दा बाहिर गई रोयल्टी असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४। विधुतीय माध्यमबाट बोलपत्र दाखिला गर्न इच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वाफतको रकम सनराइज बैंक सहजपुर शाखामा यस कार्यालयको नाममा रहेको आन्तरिक राजस्व खाता नं ०८२०५२९९६३७०३००६ मा नगद रु ३,००० /- (पछि फिर्ता नहुने गरि) जम्मा गरेको भौचर समेत संलग्न गरि पेश गर्नु पर्नेछ।

५। बोलपत्र १६ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ र सोहि दिनको २ बजे खोलिने हुदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा बाधा पर्नेछैन।

६। बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धी काम हुनेछ।

७। बोलपत्र दर्ता गर्दा बोलपत्र वालाले आफुले कबोल गरेको ठेक्का अंक (भ्याट सहित) को ५ % रकम यस कार्यालयको सनराइज बैंक स्थित धरौटी खाता (०८२०५२९९६३७०३००३) मा जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ। भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको "क" वर्गको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ। बोलपत्र समावेश गर्नका लागि अनलाइन <u>www.bolpatra.gov.np/egp</u> बाट सहभागी हुनु पर्नेछ।

८। ठेक्का स्वीकृत भएपछि सम्जौता गर्न आउदा ठेक्का रकम (भ्याट सहित) लाई ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र वाकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको २०८० असाढ सम्म म्याद भएको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नु पर्नेछ।

९। ठेक्काको किस्ता रकम तिन किस्तामा बुझाउनु पर्नेछ। जसमा पहिलो किस्ता सम्झौताको वखत, दोस्रो किस्ता पौष मसान्त र तेस्रो किस्ता जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ। तोकिएको अवधि भित्र रकम दाखिला नगरेमा बैंक जमानत पत्रबाट अशुल उपर गरिनेछ।

१०। बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पस्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईने छ । यस कार्यालयबाट प्रमाणित नगरी विक्रि भएको म्याद नाघि आएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

CS CamScanner

११। यस शर्तमा लेखेका कुराहरु यसै बमोजिम र छुटेका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका विवरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१२। स्वीकृत कार्य विवरण बमोजिम ठुलीगाड नदीको विभिन्न छ स्थानबाट बालुवा, गिट्टी र ग्राभेल उत्खनन परिमाण अधिकतम ३८,४०४.९ घन मिटर मात्र हुनु पर्नेछ । स्वीकृत परिमाण र तोकिएको बमोजिमको नदि घाट कभरेज भन्दा बाहिर गएर संकलन, उत्खनन र बिक्रि गर्न पाइने छैन।

१३। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहने छ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१४। यो सूचना चुरे गाउँपालिकाको वेभसाइटं www.churemun.gov.np बाट समेत हेर्न सकिनेछ ।

वि वि राज सोती

प्रमुख प्रशासकीय अधिकृत

चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सुदुरपश्चिम प्रदेश, नेपाल

नदि जन्य पदार्थको बिक्रि शुल्क संकलनका लागि विधुतीय बोलपत्र आव्हानको टेन्डर फारम दस्तुर रु ३०००/- ।

| सि.नं | नदीकोनाम | कुलसंकलन(घनमिटर) | न्युनतम ठेक्का रकम (भ्याट बाहेक) | कबोल रकम (भ्याट बाहेक) | | धरौटी रकम (भ्याट सहितको रकमको ५% हुनुपर्ने) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| १ | गुलीगाड नदि | ३८,४०४.९ | ४०,६९,३८३.२/- | | | | |

ठेकदारको तर्फबाट

नाम:

फर्म वा कम्पनीको नाम:

ठेगाना:

दस्तखत:

फोन नं: मिती:

चुरे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घरखेडा, कैलाली सुदूरपश्चिम प्रदेश नेपाल

विविराज सौंती
नि.प्रमुख प्रशासकीय अधिकृत